## बकैया गाउँकार्यपालिकाको मिति २०७६।०८।२१ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. खाद्य अधिकार रणनीति सम्बन्धमाः-**

प्रस्तुत विषयमा गाउँपालिका क्षेत्रमा खाद्यान्नको उचित उत्पादन र वितरणको व्यवस्था मिलाउनका लागि **FIAN Nepal** सङ्गको सहकार्यमा बकैया गाउँपालिकाको खाद्य अधिकार रणनीति निर्माण गर्ने निर्णय गरियो ।

**२. मानव वेचविखन नियन्त्रण सम्बन्धी निति तथा कार्यक्रम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत मानव बेचविखन तथा ओसार पसार नियन्त्रणका लागि तपशिल बमोजिमको सदस्य रहने गरि मानव बेचविखन तथा ओसार पसार नियन्त्रण समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| ३. | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४. | सामाजिक विकास समिती संयोजक | सदस्य |
| ५. | न्यायिक समितिका सदस्य | सदस्य |
| ६. | कार्यपालिका महिला सदस्य | सदस्य |
| ७. | स्थानीय प्रहरी प्रमुख | सदस्य |
| ८. | शिक्षा शाखा संयोजक | सदस्य |
| ९. | बाल अधिकार समितीका सकृय सदस्य | सदस्य |
| १०. | स्थानीय पत्रकार | सदस्य |
| ११. | पालिकाका कानुनी सहजकर्ता | सदस्य |
| १२. | पालिका बाल क्लबसञ्जाल प्रतिनिधी | सदस्य |
| १३. | मानव वेचविखन विरुद्द कार्यरत स्थानीय गैसस प्रमुख तथा प्रतिनिधी | सदस्य |
| १४. | मानव वेचविखनबाट पिडित वा वेचविखन विरुद्द कार्यरत महिला | सदस्य |
| १५. | किशोरी सञ्जालका प्रतिनिधी | सदस्य |
| १६. | पालिका स्वास्थ्य शाखा प्रमुख वा स्वास्थ्य स्वयं सेविका | सदस्य |
| १७. | पालिकाको महिला सहकारीसंस्था वा निगरानी समूहका प्रतिनिधी | सदस्य |
| १८. | पालिकाको महिला वा बालबालिका कार्यक्रम संयोजक | सदस्य सचिव |

साथै गाउँपालिकामा मानव बेचविखन तथा ओसार पसार नियन्त्रणका लागि मानव वेचविखन पिडित सहायता कोष स्थापना गर्ने, सबै वडाहरुमा मानव बेचविखन तथा ओसार पसार नियन्त्रण समिति गठन गर्न निर्देशन दिने र गठन भएका वडा समितिका प्रतिनिधिहरुको लागि अनुशिक्षण कार्यशाला सञ्चालन गर्ने तथा पौषदेखि नै मानव वेचविखन सम्बन्धी अवस्थाको तथ्याङ्क संकलन गर्ने र सो पश्चात मानव वेचविखन तथा ओसार पसार रणनिति तर्जुमा गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

...बहादुर खनाल

बकैया गाउँपालिका मकवानपुर

**३. गौतम बुद्ध पर्यटन पार्कको अतिक्रमित जग्गा नियन्त्रण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं ६ मा रहेको गौतम बुद्ध पर्यटन पार्कको जग्गा स्थानीय बासिन्दासङ्गको सहकार्यमा संरक्षणको कार्य गर्ने निर्णय गरियो ।

**४. बेरोजगारहरुलाई सूचिकृत गर्ने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारको रुपमा नाम दर्ता गराएका ३३६० जना व्यक्तिहरुलाई सूचिकृत गर्ने निर्णय गरियो । साथै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आ व २०७६।७७ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि योजना माग गरेकोमा सबै वडाहरुबाट योजनाहरु माग गरि मन्त्रालयमा उपलब्ध गराउने निर्णय गरियो।

**५. योजना संशोधन सम्बन्धमाः-**

प्रस्तुत विषयमा यस बकैया गाउँपालिका वडा नं. १ कार्यालयको प.सं. ०७६।०७७, च.नं. १७४ मिति २०७६।०७।०४ गतेको पत्रानुसार तपशिल बमोजिमका योजनाहरू संशोधन गर्नका लागि सिफारिश भइअएकोमा अगामी गाउँसभाबाट अनुमोदन गराउने गरि संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | साविक योजना | संशोधित योजना | बजेट रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | मोरङ्गे चिसापानी खेल मैदान | लुकुनी डाँडा सडक निर्माण | ३,००,०००। | |
| २ | ठुलो हाँडी सडक निर्माण | विजल डाँडा तेर्सो बाटो सडक निर्माण | ३,००,०००। | |

**६. पर्यटन गन्तव्य तोक्ने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समिती मकवानपुरको मिति २०७६।०८।२० च.नं. ३७२ को पत्रानुसर यस गाउँपालिका क्षेत्रको पर्यटन गन्तव्य तोकि पठाउने भनि अएकोमा तपशिल बमोजिमको स्थानहरूलाई पर्यटन गन्तव्य क्षेत्र तोकि पठाउने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | पर्यटन क्षेत्रको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | गौतम बुद्ध पर्यटन पार्क | बकैया-६ | |
| २ | धनेश्वर पार्क | बकैया-७ | |
| ३ | बकैया ठाकुर पर्यटन पार्क | बकैया-१० | |

बकैया गाउँपालिका

दामोदर खनाल
अध्यक्ष

**७. विद्यालयलाई कम्प्युटर सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिका वडा नं. ३ जलजले स्थित ज्ञानज्योती प्राथमिक विद्यालयको भवन **USAID** को सहयोगमा निर्माण भईरहेको र उक्त विद्यालयमा सोहि दातृ निकायको सहयोगमा शिक्षक शिक्षिकाहरुको क्षमता अभिवृद्धिका लागि कम्प्यूटर लगायतका सामाग्री सहयोग गर्ने जनाइएकोमा सो अगावै निज शिक्षक शिक्षिकाको कम्प्यूटर सम्बन्धि आधारभूत सिकाईका लागि ४ थान कम्प्यूटर तथा कम्प्यूटर टेवल उक्त दातृ निकायको सहयोग प्राप्त नभए सम्मको लागि उपलब्ध गराउने निर्णय गरियो ।

**८. विद्यालयलाई पाईप सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा गत असार अन्तिम साताको भारी वर्षाको कारण बकैया गाउँपालिका वडा नं. ३ स्थित चम्पाखहरेमा रहेको ज्ञानज्योती विद्यालयमा लगिएको खानेपानी पाईप बगाएको कारण विद्यालयमा खानेपानीको समस्या भएकोमा उक्त विद्यालयलाई सहयोग स्वरुप २४ एम एम साईजको २५०० मिटर लम्बाईको पाईप उपलब्ध गराउने निर्णय गरियो ।

**९. विपत पिडितको लागि पाईप सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा यस गाउँपालिकाका वडा नं. १० मन्थलीको केही भागमा गत असार अन्तिम साताको भारी वर्षाका कारण पाईप बगाएको कारण खानेपानीको अभाव हुन गएकोमा विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी सो स्थानमा रु. ५,००,०००। बजेट ननाघ्ने गरी खानेपानी पाईप उपलब्ध गराउने निर्णय गरियो ।

**१०. मेवा खेतीका लागि पाईप खरिद सम्बन्धमाः-**

प्रस्तुत विषयमा यस गाउँपालिका वडा नम्बर ९ शिखरपुर निवासी श्री मुरली नेपाल आँफैले भोगचलन गर्दै आएको अन्दाजी ३० गठ्ठा जग्गामा व्यवसायिक रुपमा मेवा खेती गर्दै आइरहेका तथा उक्त खेतीको थप विस्तार तथा आवश्यक सिचाँई सुविधा उपलब्ध गराउनका लागि निजले वडा कार्यालयको सिफारिश सहित पाईप तथा पानी तान्ने मोटरको लागि सहयोग माग गरेकोमा निजलाई उक्त सामाग्रीहरु उपलब्ध गराई सहयोग गर्ने निर्णय गरियो ।

**११. अम्बास हाँडिखोला सडक सरसफाई सम्बन्धमाः-**

प्रस्तुत विषयमा मन्थली सडक सरसफाईका लागि मिति २०७६।०५।२६ गतेको बैठकले रु ४,००,०००।– विनियोजन गरेको र सो बजेटले सडक सरसफाईमा रकम अपुग हुने देखिएकाले सडक योजना बाट बजेट कट्टा हुने गरी रु. ६,००,०००।– बजेट थप गरि जम्मा रु. १०,००,०००।– बजेट सो सडक सरसफाईका लागि विनियोजन गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका, मकवानपुर